नेपाल सरकार

राष्ट्रिय परीक्षा बोर्ड

## परीक्षा नियन्त्रण कार्यालय कक्षा १०, सानोठिमी, भक्तपुर

# २०८१ सालको माध्यमिक शिक्षा परीक्षा पूरक को समय तालिका सम्बन्धी सूचना

मिति २०८२/०३/१३ को राष्ट्रिय परीक्षा बोर्डको निर्णय अनुसार २०८१ साल चैत्र ७ गते देखि सञ्चालन भएको माध्यमिक शिक्षा परीक्षा (SEE) मा **नियमित परीक्षार्थी**को रुपमा सम्मिलित भई ग्रेड प्राप्त गर्न नसकेका र अनुपस्थित भएका सबै परीक्षार्थीहरुका लागि देहायबमोजिमको समय तालिका अनुसार पूरक परीक्षा सञ्चालन गर्ने/गराउने निर्णय भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**समय तालिका**

**परीक्षा सञ्चालन हुने समयः बिहान ८:०० बजेदेखि ११:०० बजेसम्म**

| क्र.सं. | मिति | विषय |
|---|---|---|
| १ | २०८२ साल साउन २९ गते बिहीबार | अनिवार्य अङ्ग्रेजी |
| | | संस्कृत/वेदविद्याश्रमतर्फ : अनिवार्य संस्कृत रचना/अनिवार्य अङ्ग्रेजी |
| | | मदर्सातर्फ : अनिवार्य अरेबिक भाषा/अनिवार्य अङ्ग्रेजी |
| २ | २०८२ साल साउन ३० गते शुक्रबार | अनिवार्य नेपाली |
| | | गैर नेपाली विद्यार्थीहरूका लागि अन्य भाषा विषय |
| ३ | २०८२ साल साउन ३१ गते शनिबार | अनिवार्य गणित |
| ४ | २०८२ साल भदौ १ गते आइतबार | अनिवार्य विज्ञान तथा प्रविधि |
| | | संस्कृत/वेदविद्याश्रमतर्फ : शुक्लयजुर्वेद/सामवेद/ऋग्वेद/अथर्ववेद/नीतिशास्त्र/अनिवार्य विज्ञान तथा प्रविधि |
| | | मदर्सातर्फ : सिरत र इस्लामी/अनिवार्य विज्ञान तथा प्रविधि |
| ५ | २०८२ साल भदौ २ गते सोमबार | अनिवार्य सामाजिक अध्ययन |
| | | प्राविधिक धारतर्फ : अनिवार्य सामाजिक अध्ययन/ऐच्छिक गणित |
| | | संस्कृत/वेदविद्याश्रमतर्फ : संस्कृत भाषा तथा व्याकरण |
| ६ | २०८२ साल भदौ ३ गते मंगलबार | साधारण तथा संस्कृत/वेदविद्याश्रमतर्फ : ऐच्छिक प्रथमपत्रका सबै विषयहरू |
| | | प्राविधिक धारतर्फ : Animal Health (4011), Industrial Agriculture and Fish Culture (4111), Data Structure and OOP Concept Using C++ (4211), Building Construction and Drawing (4311), Electrical Machine (4411) र शास्त्रीय संगित |
| ७ | २०८२ साल भदौ ४ गते बुधबार | साधारण तथा संस्कृत/वेदविद्याश्रमतर्फ : ऐच्छिक द्वितीयपत्रका सबै विषयहरू |
| | | प्राविधिक धारतर्फ : Dairy Product Technology (4021), Food Crop Production (4121), Computer Hardware, Electronics Repair & Maintenance (4221), Highway Engineering (4321), Basic Electronics (4421) र नेपाली लोक संगित |
| ८ | २०८२ साल भदौ ५ गते बिहीबार | **प्राविधिक धारतर्फ** : Veterinary Laboratory Technology (4031), Harticulture Crop Production (4131), Data Based Management System (4231), Engineering Surveying (4331), Industrial Installation and Maintenance (4441) र पाश्चात्य संगित |
| ९ | २०८२ साल भदौ ६ गते शुक्रबार | **प्राविधिक धारतर्फ** : Aquaculture and Fisheries (4041), Floriculture and Nursery Production (4141), Digital Design & Microprocessor (4241), Estimating, Costing and Supervision (4341), Utilization of Electrical Energy (4441) र गायन, बादन, नृत्य । |

**द्रष्टव्यः**

१. परीक्षाको आवेदन फाराम परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को वेबसाइट www.see.gov.np बाट डाउनलोड गरी भर्न सकिनेछ ।

२. कुनै आकस्मिक बिदा पर्न गएमा पनि राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को पूर्व सूचनाविना परीक्षा स्थगित हुनेछैन ।

३. परीक्षार्थीले आवेदन फाराम भरी प्रति परीक्षार्थी रु. ५००।- राजश्व खाता नं १४२२३ मा जम्मा गरेको भौचर, प्रवेशपत्रको प्रतिलिपि र ग्रेडसिट (वेबसाइटबाट डाउनलोड गरेको) सहित संलग्न राखी सम्बन्धित विद्यालयमार्फत मिति २०८२ साउन १६ गतेसम्ममा शिक्षा विकास तथा समन्वय इकाइमा पेश गर्नुपर्नेछ ।

४. २०८१ सालको नियमित परीक्षाको प्रवेशपत्र नै पुरक परीक्षाको प्रवेशपत्र कायम गरिएकोले सोही प्रवेशपत्रका आधारमा परीक्षामा सहभागी हुनुपर्नेछ ।

५. परीक्षा केन्द्रहरूको जानकारी सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइहरूबाट हुनेछ ।

६. तोकिएको केन्द्र र तालिका अनुसार परीक्षामा सामेल नहुने परीक्षार्थीलाई परीक्षाको अर्को व्यवस्था गरिने छैन ।

७. परीक्षाफल रद्द भएका परीक्षार्थीहरु पूरक परीक्षामा सहभागी हुन पाउने छैनन् ।

८. शिक्षा विकास तथा समन्वय इकाइहरुले पुरक परीक्षामा सामेल हुन आवेदन फाराम भर्ने परीक्षार्थीहरुको विवरण २०८२ साल साउन १८ गते सम्ममा केन्द्रगतरुपमा विषय समेत खुल्ने गरी Online Entry गरिदिनु हुन र परीक्षार्थीले बुझाएको आवेदन फाराम ६ महिनासम्म शिक्षा विकास तथा समन्वय इकाइले नै सुरक्षित राख्नुहुन अनुरोध छ ।

९. परीक्षा सम्बन्धी कुनै कुरा स्पष्ट नभएमा राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १०, सानोठिमीको फोन नम्बरहरू ०१-६६३०७३९ र ०१-६६३००७० मा सम्पर्क गर्न सकिनेछ । यो विवरण राष्ट्रिय परीक्षा बोर्डको website: www.neb.gov.np तथा परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को website: www.see.gov.np मा पनि हेर्न सकिनेछ ।

१०. प्रकाशित नतिजामा चित्त नबुझेमा पुनर्योग गर्न र उत्तरपुस्तिका पुनः परीक्षण समेत गराउन सक्ने व्यवस्था रहेको छ । पुनर्योगका लागि परीक्षार्थीलाई अनलाइनमार्फत आवेदन गर्न सकिने व्यवस्था गरिएको छ । जसअनुसार परीक्षार्थीले आफूले पुनर्योग गर्न चाहेका विषयका लागि यस कार्यालयको वेबसाइटमा गई पुनर्योग फाराम भरी आवेदन गर्न सक्नेछन् । यस वर्ष पुनर्योगका लागि २०८२ साल असार २३ गते बेलुका ५ बजेसम्मको समय निर्धारण गरिएको छ । सोसम्बन्धी सूचना नतिजा प्रकाशन भएपछि राष्ट्रिय परीक्षा बोर्ड प.नि.का. कक्षा १० र राष्ट्रिय परीक्षा बोर्ड कार्यालयको वेबसाइटबाट हेर्न सकिनेछ ।

**नियन्त्रक**